# वार्षिक योजना अनुमगन प्रतिवेदन

## आ.व. २०७९/०८०

**पेश गर्ने**

**गंगादेव गाउँपालिका**

**योजना अनुगमन तथा सुपरिवेक्षण समिति**

**पेश गरिने**

**गंगादेव गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय सानडाँडा, रोल्पा**

# धन्यवाद मन्तव्य

गंगादेव गाउँपालिकाले अंगीकार गरेको शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार विकासमा दिगो लक्ष्य हाँसिल गर्न विकासका योजना, नीति तथा कार्यक्रमको कार्यान्वयन पक्ष सबल हुन जरुरी छ । छोटो समयावधिमा विकासका लक्ष्यहरु हाँसिल गर्न तथ्यमा आधारित नीति, योजना र कार्यक्रम तय गर्नु जरुरी भईसकेको छ । योजनाको प्रभावकारी कार्यान्वयन र तथ्यमा आधारित नीति निर्माणको लागि अनुगमन तथा मूल्याङ्कनले महत्त्वपूर्ण भूमिका खेल्दछ । वर्तमान सङ्घीय संरचना अनुरुप गाउँपालिकाको विभिन्न तहमा हुने अनुगमन तथा मूल्याङ्कन पद्धतिलाई थप प्रभावकारी बनाउनुपर्ने आवश्यकता पनि रहेको छ । गाउँपालिकाको आवधिक विकास योजनाको लक्ष्यले तोकेको परिणाम प्राप्त गर्नको लागि समेत अनुगमन तथा मूल्याङ्कन प्रणालीमा थप सुधार र परिमार्जन गर्न यस प्रतिवेदनले सघाउ पुऱ्याउनेछ । प्रस्तुत सन्दर्भमा तयार भएको अनुगमन प्रतिवेदनले गाउँपालिका लगायतका निकायलाई अनुगमन तथा मूल्याङ्कन कार्यमा ठोस मार्गदर्शन प्रदान गर्ने तथा भावी दिनहरुमा तर्जुमा गरिने योजनाको लक्ष्य, उद्धेश्य र रणनीति तयार गर्नको लागि आधार तयार गर्नेछ । साथै यस प्रतिवेदनले सङ्घीय तहको अनुगमन एवम् मूल्याङ्कन प्रणालीलाई व्यवस्थित बनाई विकास कार्यक्रम/आयोजनाहरुको अनुगमनको पनि अनुगमन गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउनेछ । यस प्रतिवेदनको कार्यान्वयन पक्षको प्रभावकारी अनुगमन गाउँ कार्यपालिकाले नै गर्नेछ । साथै यस प्रतिवेदन तयार गर्ने कार्यमा प्रत्यक्ष रुपमा संलग्न हुने सबैलाई धन्यवाद दिन चाहान्छु ।

अमृता कुमारी के सी  
संयोजक  
अनुगमन तथा सुपरिवेक्षण समिति  
गंगादेव गाउँपालिका  
सानडाँडा रोल्पा ।

# विषय सूची


भाग १: परिचय ........ १-३

१.१ पृष्ठभूमी........ १

१.२ अनुगमनको उद्धेश्य........ १

१.३ अनुगमनको ढाँचा एवं विधि........ २

१.४ अनुगमनको सिमा........ ३

भाग २: तथ्य र तथ्याङ्कको प्रस्तुती, विश्लेषण र व्याख्या........ ४-१९

२.१ फिल्ड भ्रमण तथा अवलोकनको सारांश........ ४

२.१.१ सडक तथा गोरेटो बाटो........ ४

२.१.२ खानेपानी ........ ७

२.१.३ सिंचाई........ १०

२.१.४ सडक/झोलुङ्गे/ ट्रस पुल निर्माण........ १०

२.१.५ फोहोरमैला व्यवस्थापन........ ११

वार्षिक अवधिमा फोहोरमैला व्यवस्थापन सम्बन्धी कुनै पनि प्रकारका कार्यको अनुगमन नभएकाले यहाँ उल्लेख गरिएको छैन।

२.१.६ वातावरण तथा जलवायु परिवर्तन........ ११

वार्षिक अवधिमा वातावरण तथा जलवायु परिवर्तन सम्बन्धी कुनै पनि प्रकारका कार्यको अनुगमन नभएकाले यहाँ उल्लेख गरिएको छैन।

२.१.७ आवास तथा भवन........ १२

२.१.८ उर्जा एवं विद्युतीकरण........ १५

वार्षिक अवधिमा उर्जा एवं विद्युतीकरण सम्बन्धी कुनै पनि प्रकारका कार्यको अनुगमन नभएकाले यहाँ उल्लेख गरिएको छैन।

२.१.९ पर्यटन प्रवर्द्धन एवं साँस्कृतिकसम्पदा........ १५

२.१.१० कृषि तथा पशु विकास........ १६

२.१.११ शौचालय/घेरबार/फिल्ड निर्माण तथा मर्मत........ १७

२.१.१२ सूचना प्रविधि (ICT) व्यवस्थापन ........ १८

भाग ३: प्रमुख उपलब्धीहरु........ २०

भाग ४: प्रमुख समस्याहरु........ २०

भाग ५: सिकाईहरु........ २०

भाग ६: निष्कर्ष र सुझावहरु........ २०

६.१ निष्कर्ष........ २०

६.२ सुझावहरु........ २०

अनुसूचीः १ अनुगमन गरिएका योजनाहरुका केहि तस्विरहरु ........ २१

अनुसूचीः २ अनुगमन तथा सुपरिवेक्षण समितिका पदाधिकारीहरु ........ २५

# भाग १ : परिचय

## १.१ पृष्ठभूमी

योजना, नीति कार्यक्रम तथा आयोजनाहरुमा लगानी तथा स्रोत साधनको प्रवाह समुचित ढंगले भएको छ कि छैन र कार्य तालिका अनुसार क्रियाकलापहरुको कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्त भएको छ छैन भनी विभिन्न तहका व्यवस्थापन वा व्यवस्थापनले तोकेका व्यक्ति तथा निकायबाट निरन्तर र आवाधिक रुपमा निगरानी राख्ने कार्यलाई अनुगमन भनिन्छ । विकास योजना नीती कार्यक्रम तथा आयोजनाको प्रभावकारी कार्यान्वयनमा अनुगमन तथा मूल्याङ्कनको महत्त्वपूर्ण भूमिका रहन्छ । विकासमा गरिएको लगानीमा प्रतिफल मापन गर्ने र सेवाग्रीको जीवनस्तरमा त्यसले पारेको असर तथा प्रभाव आंकलन गरी उत्तरदायित्व र जवाफदेहिता प्रवर्द्धन गर्न यसको थप महत्त्व रहन्छ । विगतका अनुभवबाट पाठ सिक्दै भावी निति तथा कार्यक्रमलाई तथ्यपरक र नतिजामुखी बनाउन यस्तो व्यवस्था प्रभावकारी हुनुपर्दछ । नतिजामुखी अनुगमन तथा मूल्याङ्कनलाई संस्थागत गर्ने क्रममा नेपाल सरकारले राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७० जारी गरी कार्यान्वयनमा ल्याएको थियो । नयाँ संविधान जरी भएपछि सङ्घ प्रदेश तथा स्थानीय तहमा भएको पुनः संरचना अनुरुप स्थानीय तहमा सञ्चालित योजना तथा परियोजनाहरुको अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउन यसको सफल अभ्यास हुँदै आइरहेको छ । यसै सन्दर्भमा गंगादेव गाउँपालिकाले पनि योजना अनुगमन तथा मूल्याङ्कन कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याएको छ । यसै कार्यविधिमा योजनाको अनुगमन तथा मूल्याङ्कन पश्चात अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन तयार गरी कार्यपालिका बैठकमा छलफल गर्नुपर्ने प्रावधान भए बमोजिम अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनको अपरिहार्यता प्रष्ट झल्किन्छ । तसर्थ यस प्रतिवेदनमा अनुगमन गर्दा अपनाउनुपर्ने विधि तथा प्रक्रिया सूचक तथा सूचनाका स्रोतहरु संस्थागत व्यवस्था र सूचनाको प्रयोग सम्बन्धी विषयलाई समेटेको छ । प्रतिवेदन प्रणालीलाई प्रभावकारी बनाउन यसलाई सहभागितामूलक बनाउन आवश्यक छ । गाउँपालिकाको विकास सम्बन्धी नीति योजना कार्यक्रम तथा आयोजनाको कार्यान्वयन गर्न प्रतिफल तथा प्रभावको विश्वसनीय र प्रभावकारी अनुगमन प्रणालीको विकास गरी तिनलाई गाउँपालिकाका विभिन्न तहहरुमा लागु गरी संस्थागत गर्न मूल्याङ्कनका लागि आवश्यक मापदण्ड र प्रक्रिया निर्धारण गरी विषय क्षेत्रगत नीतिहरु र प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनाहरुको प्रभाव मूल्याङ्कन गर्न गराउन र सोको आधारमा गाउँपालिकाको नीति तथा कार्यान्वयनमा सुधार गर्नुका साथै अनुभवको आदान प्रदान गरी विशेषज्ञताको विकास समेत गर्ने उद्धेश्य लिई यो प्रतिवेदन तयार पारिएको छ ।

## १.२ अनुगमनको उद्धेश्य

अनुगमनले संचालित योजना आयोजना तथा क्रियाकलापहरुलाई व्यवस्थित सरल नतिजामूलक विश्वसनीय र प्रभावकारी बनाई नीति निर्णय प्रक्रियालाई तथ्यपरक बनाउनुका साथै पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गरी सुशासन प्रवर्द्धन गर्न सहयोग गर्ने मूल उद्धेश्य लिएको छ ।
उपरोक्त उद्धेश्यहरुका साथै अनुगमनका निम्न उद्धेश्यहरु रहेका छन् ।

- कार्यक्रम/आयोजना कार्यान्वयन चरणमा लगानी क्रियाकलाप प्रक्रिया र प्रतिफल सूचकहरुको आधारमा कार्य सम्पादन भए नभएको निर्धारण गर्न ।
- कार्यक्रम/आयोजना कार्यान्वयन चरण सम्पन्न भएपछि उक्त कार्यक्रम/आयोजनाको निर्धारित आयुसम्म निरन्तर सञ्चालनको लागि आवश्यक पर्ने स्रोत साधन तथा मर्मत-सम्भार निश्चित गर्न ।
- कार्यक्रम/आयोजनाको आवश्यकता तथा सुनिश्चितता निर्धारण गर्न कार्यक्रम/आयोजनाको पूर्ण विवरण स्पष्ट गर्न सूचकहरु निर्धारण गर्न ।

- कार्यक्रम/आयोजना कार्यान्वयनको प्रगतिको समीक्षा गर्न पूर्वनिर्धारित कार्ययोजनामा परिमार्जन गर्न वा सञ्चालन ढाँचामा आवश्यक परिवर्तन गर्न।
- कार्यक्रम/आयोजना कार्यान्वयनको कार्यक्षमता, प्रभावकारीता र दिगोपनालाई ध्यानमा राखेर समिक्षा गर्न र कार्यक्रम/आयोजना सम्पन्न भएपछि थप कार्य (Follow-up) आवश्यक रहेको वा नरहेको निर्क्यौल गर्न।
- संचालित कार्यक्रम/आयोजनाको प्रभाव र दिगोपनालाई ध्यानमा राखेर समिक्षा गर्न, भविष्यमा कार्यक्रम/आयोजनाको तर्जुमा र कार्यान्वयन गर्दा सुधार गर्नका लागि सिकाइ र सुझावहरु प्राप्त गर्न।
- योजना कार्यान्वयनको विभिन्न चरणमा गरिने अनुगमन र मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई उचित समयमा सम्बोधन गर्न।

## १.३ अनुगमनको ढाँचा एवं विधि

आयोजना कार्यान्वयन प्रक्रियालाई पारदर्शी तथा उत्तरदायी बनाउन सेवा प्रदायक र सेग्राहीको सहभागितामा अनुगमन तथा मूल्याङ्कन गर्नुपर्दछ। सहभागितामूलक अनुगमन तथा मूल्याङ्कनले संस्थागत सिकाइ अभिवृद्धि गर्ने, सरोकारवालाको धारणा बुझी आयोजनामा सुधार गर्ने र प्रभाव मूल्याङ्कन गरी सार्वजनिक उत्तरदायित्व वा जवाफदेहिता अभिवृद्धि गर्ने गर्दछ। साथै यसबाट सरोकारवालालाई आयोजनाको अवस्थाको जानकारी हुन गई समयमै प्रतिफल प्राप्तिमा सहयोग पुग्ने हुन्छ। तसर्थ गंगादेव गाउँपालिकाको अनुगमन तथा सुपरीवेक्षण समितिले गाउँपालिका, वडा र अन्य निकायहरुबाट सञ्चालित क्रियाकलाप, आयोजना र योजनाको अनुगमनका लागि विभिन्न ढाँचा एवं विधिहरु प्रयोग गर्दै आइरहेको छ।

विकास आयोजनाहरुको प्रगति विवरण वा सूचनाका आधारमा गरिने समिक्षा अपर्याप्त भएमा वा अनुगमन गर्ने निकायले कार्यथलोमा नै गई आफ्नै आँखाले तथ्य एकिन गर्न वा आयोजनाको व्यवस्थापन लगायत सम्बद्ध सरोकारवालाहरुको धारणा सङ्कलन गरी कार्यान्वयनमा आउन सक्ने समस्या समयमै पहिचान तथा समाधान गर्न आवश्यक देखेमा स्थलगत निरीक्षण गर्नुपर्दछ। बँदागत रुपमा आयोजनाको स्थलगत अनुगमन निरीक्षणका लागि देहाय बमोजिमका क्रियाकलापहरु गर्ने गरिएको छः-

क) आयोजनाबाट प्राप्त प्रगति प्रतिवेदनको सत्यता एकिन गर्न वास्तविकता अवलोकन गर्ने गरिएको।

ख) आयोजना कार्यान्वयनका क्रममा आइपरेका समस्याहरुबारे जानकारी लिने गरिएको।

ग) समस्या समाधानमा सहयोग गर्ने, आयोजना निर्माण स्थलमा नै निर्देशन दिने, समस्या समाधानका लागि व्यवस्थापनले गरेका प्रयासबारे जानकारी लिने, समस्या समाधानका निमित्त समन्वय गर्न एवम् विभिन्न विकल्पहरु पहिचान गर्ने र समस्या तथा समाधानका विकल्पका बारेमा निर्णयकर्तालाई जानकारी गराउने।

घ) आयोजनाका सम्बन्धमा लाभग्राही वर्ग लगायत अन्य पक्षको धारणाबारे जानकारी लिने।

ङ) आयोजना र अन्य पक्षबीच कुनै विवाद परेमा समाधानका लागि सहयोग गर्ने।

अनुगमन तथा सुपरिवेक्षण समितिले निर्धारित रुजुसूचिको आधारमा सेवाग्राहीहरुसँगै व्यवस्थित तरिकाले स्थलगत भ्रमण गरी नक्सामा रहेका सूचनाको सत्यता एकिन गर्ने गरेको छ। यस्तो भ्रमणले स्थानीय समुदायसँग सम्बन्ध स्थापित गर्न, नक्सामा उल्लेख गरिएका पक्षहरुलाई पुष्ट्याई गर्न, स्थानीयवासीहरुका विकास कार्यका समस्या र समाधानका उपायका बारेमा अवगत गर्न मद्धत पुगेको छ। अनुगमन, निरीक्षण तथा अवलोकनका क्रममा निम्नानुसारका विधिहरु अपाइएको थियो।

क) स्थलगत अनुगमन, निरीक्षण तथा अवलोकन

ख) आयोजनासँग सम्बन्धित उपभोक्ता समितिका पदाधिकारीहरुसँग छलफल र अन्तरक्रिया

ग) गाउँपालिकामा क्रियाशिल राजनीतिक दलका पदाधिकारी लगायतका अगुवाहरुसँगको अन्तरक्रिया

घ) आयोजनाको उपभोक्ताहरुसँगको अन्तरक्रिया र छलफल

## १.४ अनुगमनको सिमा

- महत्वकांक्षी योजनाहरुको बाहुल्यता भएकाले सम्पूर्ण योजनाहरुको अनुगमन प्रभावकारी हुन नसक्नु,
- योजनाको प्रभाव मूल्याङ्कनका लागि दक्ष जनशक्तिको अभाव,
- आयोजना तर्जुमा प्रक्रियामा नै कम गुणस्तर खालका योजना तर्जुमा हुने गरेकाले नतिजा प्राप्ति गर्न कठिन,
- योजनाको अनुगमन प्रक्रिया सहज नभई खर्चिलो एवं बढी समयको खपत हुने हुँदा समय खर्चिएर अनुगमन गर्न नसकिनु,
- कठिन भौगोलिक अवस्था र उपभोक्ता समितिहरुबाट सृजना हुने अनावश्यक दवावले योजना अनुगमनमा सृजनात्मकता नभइ तनावको वातावरण सृजना हुने,

# भाग २ : तथ्य र तथ्याङ्कको प्रस्तुती, विश्लेषण र व्याख्या

## २.१ फिल्ड भ्रमण तथा अवलोकनको सारांश

### २.१.१ सडक तथा गोरटो बाटो

| क्र सं | योजनाको नाम | योजनास्थल/ठेगाना | अनुगमन मिति | विनियोजित बजेट रु | भौतिक प्रगति % मा | अनुगमन गर्दा देखिएका तथ्य र सुझावहरु |
|---|---|---|---|---|---|---|
| १ | वडा नं १ का सहायक मो बा मर्मत | गंगादेव १ रोल्पा | | २४००००। | १०० | |
| २ | वडा नं २ का सबै सहायक मो बा मर्मत | गंगादेव २ रोल्पा | | १२००००। | १०० | |
| ३ | कुयापानी हुँदै गैरेनी तामाखानी सम्म मो बा निर्माण | गंगादेव ३ रोल्पा | | १०००००। | १०० | |
| ४ | पाड्याचौर हुँदै मनिमारे सम्म मो बा स्तरउन्नती | गंगादेव ३ रोल्पा | | २०००००। | ९२ | |
| ५ | किमुचौरबाट चयाँलगाउँ मो बा निर्माण | गंगादेव ३ रोल्प | | ७००००। | १०० | |
| ६ | तल्लो मग्रागाउँ मो बा निर्माण | गंगादेव ३ रोल्पा | | १५००००। | ९६ | |
| ७ | घोप्टेओडार हुँदै लामाचौर मो बा निर्माण | गंगादेव ३ रोल्पा | | १०००००। | ९९ | |
| ८ | वडा नं ३ का सहायक मो बा मर्मत | गंगादेव ३ रोल्पा | २०७९।१०।०४ | १०९५०००। | १०० | • लागत अनुमान बमोजिम मर्मत कार्य सम्पन्न भएको। |
| ९ | गैरीखर्क जहेंले मो का निर्माण | गंगादेव ३ रोल्पा | | १५००००। | ९९ | |
| १० | वडा नं ४ का सहायक मो बा मर्मत | गंगादेव ४ रोल्पा | २०७९।१०।०२ | १४९००००। | १०० | • लागत अनुमान बमोजिम मर्मत कार्य सम्पन्न भएको।<br>• पानीहरु बगेको ठाउँहरुमा नाली निर्माण ठुलो र फराकिलो बनाउनु पर्ने। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | वडा नं ५ का सहायक मो बा मर्मत | गंगादेव ५ रोल्पा | २०७९।१०।२६ | १३५००००। | १०० | ● लागत अनुमान बमोजिम मर्मतको काम भएको । |
| १२ | वडा नं ६ का सहायक मो बा मर्मत | गंगादेव ६ रोल्पा | २०७९।०९।१९ | ११३००००। | १०० | ● लागत अनुमान बमोजिम मर्मतको काम भएको । |
| १३ | वडा नं ७ का सहायक मो बा मर्मत | गंगादेव ७ रोल्पा | २०७९।१०।११ | ११०५०००। | १०० | ● लागत अनुमान बमोजिम मर्मतको काम भएको । |
| १४ | फारुला लोदचौर हुँदै मालेखोला सम्म मो बा मर्मत | गंगादेव २,५,४ रोल्पा | २०७९।०९।२५ | १३५००००। | १०० | ● लागत अनुमान बमोजिम मर्मतको काम भएको ।<br>● नालीहरु निर्माण कार्य कमजोर भएको |
| १५ | चाख्लेपातल नाउली हुँदै ओत सम्म मो बा मर्मत | गंगादेव ३,१ रोल्पा | २०७९।१०।०३ | १३८००००। | १०० | ● लागत अनुमान बमोजिम मर्मतको काम भएको ।<br>● २० प्रतिशत ग्रावेलिङको काम भएको । |
| १६ | छिचिकोटे झ्याम सुखाओडार जायाचौर ताप्ला सम्म मो बा मर्मत | गंगादेव ३,२,७,६ रोल्पा | २०७९।०९।१५ | १६८००००। | १०० | ● लागत अनुमान बमोजिम मर्मतको काम भएको । |
| १७ | तल्लो दोकान ठुलोधारा जलेखर्क हुँदै जहेले जोड्ने मो बा निर्माण | गंगादेव ३ रोल्पा | २०८०।०३।०१ | ५०००००। | १०० | ● लागत अनुमान बमोजिम निर्माणको काम भएको ।<br>● बाटोको ग्रेडिङ मिलेको<br>● मोडहरु केहि थोरै सुधार गर्नुपर्ने । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १८ | हिले बस्नेत टोल बाखल डाँडा मो बा निर्माण | गंगादेव ७ रोल्पा | २०८०।०२।०३ | २२०००००। | ७५ | • लागत अनुमान बमोजिम पुरा काम नभएको।<br>• बाटोको ग्रेडिङ नमिलेको<br>• मोडहरु सुधार गर्नुपर्ने। |
| १९ | गरेलीखोला मो बा निर्माण | गंगादेव १ रोल्पा | | २२५०००। | १०० | |
| २० | ताप्ला बजार देखि वडा कार्यालय सम्म मो बा सुधार तथा स्तरउन्नती | गंगादेव ६ रोल्पा | | १०००००। | ६० | |
| २१ | मुलाभिर मंग्रा हिलेचौर मो बा स्तरउन्नती | गंगादेव ३ रोल्पा | | १०००००। | ७० | |
| २२ | बखुर देखि गम्थले सम्म सडक स्तरउन्नी | गंगादेव ३ रोल्पा | | २५००००। | १०० | |

* नोटः चिन्हले वडा कार्यालयको जाँचपास समितिले अनुगमन गरी जाँचपास र सिफारिस गरेको ।

गंगादेव गाउँपालिकाबाट आ.व. २०७९/०८० मा सडक निर्माणको लागि प्रस्तावित योजनाहरु उपभोक्ता समिति र ठेक्का प्रक्रियबाट निर्माण व्यवसायि मार्फत निर्माण कार्य भइरहेका छन्। तीन लाख भन्दा बढी बजेट विनियोजन भई निर्माण सम्पन्न भएका अधिकांश सडक आयोजनाहरु डिजाइन र लागत अनुमान बमोजिम निर्माण भएपनि सडक निर्माणका लागि चाहिने आधारभूत मापदण्डहरु पुरा नभएको देखियो। निर्माण सम्पन्न योजनाहरु सूचिकृत भारी उपकरणको प्रयोग गरी निर्माण सम्पन्न  गरिएको देखिएकाले आगामी दिनमा उपभोक्ता समिति मार्फत निर्माण गरिने सडक स्थानीय निर्माण औजारहरुको प्रयोग गरी निर्माण गर्नुपर्ने देखिन्छ। यसका अतिरिक्त प्रत्येक वडाबाट सडक निर्माणका लागि प्राथमिकता निर्धारण गरी सडक निर्माणका लागि माग आउने गरेको र माग अनुरुप बजेट विनियोजन हुन नसक्दा गुणस्तरीय सडक निर्माण हुन नसकेको देखिन्छ।
कतिपय सडक योजनाहरुको बजेट विनियोजनमा दोहोरोपना हुँदा अनुगमनमा समस्या पर्ने गरेको छ। साठ्ठी प्रतिशत योजना निर्माण स्थलमा योजना सूचना पाटी राख्नु पर्ने देखिन्छ।
उपभोक्ता समितिहरुले निर्माण कार्यको प्रारम्भ देखि नै प्राविधिक सल्लाह सुझाव अनुरुप योजना कार्यान्वयनको शुरुवात भएकोले डिजाइन र लागत अनुमान बमोजिम काम मभएको काम अन्यौल नभएको पाईएकोले आगामी दिनमा प्राविधिकको निगरानीमा काम संचालन गर्नुपर्ने देखिन्छ।
निर्माण व्यवसायि मार्फत निर्माण सम्पन्न भएका सडक योजनाहरुमा प्रयोग भएका सामग्री कम गुणस्तरका देखिन आएको र तोकिएको समयमा निर्माण सम्पन्न नभएको देखिन आएकाले आगामी दिनमा यसलाई सुधार गर्नु पर्ने देखिन्छ। अनुगमन गरिएका सडक तथा गोरेटो बाटो निर्माण योजनाहरुको भौतिक प्रगति ६० देखि १०० प्रतिशत भएको देखिन्छ।

## २.१.२ खानेपानी

गाउँपालिका र वडा कार्यालयबाट खानेपानीको निर्माण र मर्मतको लागि प्रयाप्त बजेट विनियोजन भएकोमा एक घर एक धारा निर्माणको अवधारणा अनुरुप निर्माण सम्पन्न भएका, निर्माण सामग्रीमा बाह्य निर्माण सामग्रीको गुणस्तर कम हुने गरेको, प्रस्तावित गरिएको योजना र निर्माण हुने योजनामा अन्तर रहेको देखिएको छ।
समुदायको वास्तविक आवश्यकता भएको योजनामा गुणस्तरीय काम भएको र कम आवश्यकता भएको योजनामा कामको कम गुणस्तर भएको देखिएको छ। सामग्री खरिद गर्दा खरिद सम्बन्धी आवश्यक प्रक्रिया पुरा नगरी सामग्री खरिद गरिएको पाईएको छ। फिटीङ् सामग्री खरिदमा पनि ध्यान नपुऱ्याएको र खरिद गर्नुपर्ने सामग्रीको मात्रामा फरक परेको देखिन्छ। अनुगमन सम्पन्न भएका योजनाहरुको भौतिक प्रगति ७७ देखि १०० प्रतिशत सम्म भएको देखिन्छ।

| क्र सं | योजनाको नाम | योजनास्थल/ठेगाना | अनुगमन मिति | विनियोजित बजेट रु | भौतिक प्रगति % मा | अनुगमन गर्दा देखिएका तथ्य र सुझावहरु |
|---|---|---|---|---|---|---|
| १ | सिलाजु पुच्छर दोबाट खा पा निर्माण | गंगादेव १ रोल्पा | | ३५००००। | १०० | |
| २ | हाँसीकाटे चामी खा पा मर्मत | गंगादेव ३ रोल्पा | | ५००००। | ९८ | |
| ३ | उपल्लो जांग आर आर आर खा पा मर्मत | गंगादेव ३ रोल्पा | | ५००००। | ९९ | |
| ४ | बालकल्याण प्रा वि खा पा निर्माण | गंगादेव ३ रोल्पा | | १०००००। | ९८ | |
| ५ | घरलडाँडा घुँयाली खा पा मर्मत | गंगादेव ३ रोल्पा | | ५००००। | ९८ | |
| ६ | विरेन्द्र मा वि नाउली खा पा मर्मत | गंगादेव ३ रोल्पा | | १५००००। | ९९ | |
| ७ | ठारापानी लिफ्ट खानेपानी पम्प खरिद | गंगादेव ४ रोल्पा | | १७००००। | ९६ | |
| ८ | डोब्री साजेकम्द टाकुरा खा पा मर्मत | गंगादेव ४ रोल्पा | | ५००००। | १०० | |
| ९ | धारापानी बुकेरा खा पा निर्माण | गंगादेव ४ रोल्पा | | ६००००। | ९९ | |
| १० | जुगेपानी ड्वाङड्वाडे खा पा निर्माण | गंगादेव ४ रोल्पा | | ६००००। | ९९ | |
| ११ | पोखराडाँडा खानेपानी ट्याङ्की मर्मत | गंगादेव ४ रोल्पा | | १५००००। | ९८ | |
| १२ | डाँडावाफु लिफ्ट खा पा घेरबार | गंगादेव ४ रोल्पा | | १७००००। | ९९ | |
| १३ | ब्रमाथान खानेपानी ट्याङ्की निर्माण | गंगादेव ४ रोल्पा | | २०००००। | ९८ | |
| १४ | बस्नेउटा खा पा मर्मत | गंगादेव ५ रोल्पा | | ५००००। | १०० | |
| १५ | लोदचौर खा पा मर्मत | गंगादेव ५ रोल्पा | | १५००००। | ९२ | |
| १६ | नेपाल राष्टिय आ वि खा पा निर्माण | गंगादेव ५ रोल्पा | | ३०००००। | ९० | |
| १७ | सिम्टेखर्क खा पा मर्मत | गंगादेव ५ रोल्पा | | १०००००। | ९३ | |
| १८ | बल्ले सिम खा पा निर्माण | गंगादेव ६ रोल्पा | | २०००००। | ७६ | |
| १९ | वडा कार्यालय खा पा निर्माण | गंगादेव ७ रोल्पा | | २०००००। | ९७ | |
| २० | स्वास्थ्य कार्यालय खा पा निर्माण | गंगादेव ७ रोल्पा | | २०००००। | ८७ | |
| २१ | धोरेनी खा पा मर्मत | गंगादेव ५ रोल्पा | | १०००००। | १०० | |
| २२ | पल्लो बस्नेउटा खा पा निर्माण | गंगादेव ५ रोल्पा | | १५००००। | १०० | |
| २३ | स्याला खा पा निर्माण तथा मर्मत | गंगादेव ५ रोल्पा | | २०००००। | ९५ | |
| २४ | महानेटा रातामाटा घेरेली खा पा मर्मत | गंगादेव ५ रोल्पा | | ४०००००। | ९७ | |
| २५ | पनेरीखोला बस्नेउटा खा पा मर्मत | गंगादेव ५ रोल्पा | | ५००००। | ८५ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २६ | डाँडावाफु खानेपानी ट्याङ्की मर्मत | गंगादेव ४ रोल्पा | | ३००००। | ७७ | |
| २७ | बालबोध आ वि खानेपानी मर्मत | गंगादेव ५ रोल्पा | | ३०००००। | ८९ | |
| २८ | चिरेखर्क पाखेपानी खा पा निर्माण | गंगादेव ६ रोल्पा | | ५००००। | ९५ | |
| २९ | डिमरे देखि जुगेपानी खा पा निर्माण | गंगादेव १ रोल्पा | | ३३००००। | १०० | |
| ३० | मछाइनेखोला खा पा निर्माण | गंगादेव ६ रोल्पा | | १०००००। | ९६ | |
| ३१ | घारीघर खा पा निर्माण | गंगादेव ४ रोल्पा | | ५००००। | ९४ | |
| ३२ | फिस्टेखोला गौरामाथि पाइप खरिद | गंगादेव ४ रोल्पा | | ७००००। | ९९ | |
| ३३ | बागेश्वरी प्रा वि खा पा निर्माण | गंगादेव ३ रोल्पा | | १५००००। | ८९ | |
| ३४ | पुर्णागाउँ खानेपानी योजना निर्माण | गंगादेव ६ रोल्पा | | ३०००००। | ९७ | |
| ३५ | सिद्धेश्वरी प्रा वि विद्यालय घेरबार तथा खानेपानी मर्मत | गंगादेव ७ रोल्पा | | ४०००००। | ९४ | |
| ३६ | लोकतन्त्र प्रा वि खानेपानी निर्माण | गंगादेव ७ रोल्पा | | ३०००००। | ९२ | |
| ३७ | झारखोला खा पा आयोजना | गंगादेव ६ रोल्पा | | २५००००। | ९८ | |
| ३८ | ठारीखोली खत्रीगाउँ खानेपानी निर्माण | गंगादेव ४ रोल्पा | | ८००००। | ७५ | |
| ३९ | जनता विकास आ वि खानेपानी तथा शौचालय निर्माण | गंगादेव ४ रोल्पा | २०८०/०३/१८ | १२०००००। | ९९ | * लागत अनुमान बमोजिम आर भि टी निर्माण भएको तर खन्ने पुर्ने काम कम भएको । * अन्य कार्य भने सन्तोषजनक भएको । |
| ४० | मुलखोला देखि मेलडारी सम्म खानेपानी योजना निर्माण | गंगादेव १ रोल्पा | २०८०।०३।२० | १००००००००। | १०० | * लागत अनुमान बमोजिम गुणस्तरीय काम सम्पन्न भएको |
| ४१ | मुलखोला मेलडारी र चुकिलातार राङ्जीबाङ थप खानेपानी निर्माण योजना | गंगादेव १ रोल्पा | २०८०।०३।२४ | ९९५०००। | १०० | * लागत अनुमान बमोजिम गुणस्तरीय काम सम्पन्न भएको |

* नोटः चिन्हले वडा कार्यालयको जाँचपास समितिले अनुगमन गरी जाँचपास र सिफारिस गरेको ।

## २.१.३ सिंचाई

| क्र सं | योजनाको नाम | योजनास्थल/ठेगाना | अनुगमन मिति | विनियोजित बजेट रु | भौतिक प्रगति % मा | अनुगमन गर्दा देखिएका तथ्य र सुझावहरु |
|---|---|---|---|---|---|---|
| | | | | | | |

वार्षिक अवधिमा कुनै पनि प्रकारका सिंचाईका आयोजनाहरु निर्माण कार्य नभएकाले यहाँ उल्लेख गरिएको छैन।

## २.१.४ सडक/झोलुङ्गे पुल/ट्रस पुल/पक्की पुल निर्माण

| क्र सं | योजनाको नाम | योजनास्थल/ठेगाना | अनुगमन मिति | विनियोजित बजेट रु | भौतिक प्रगति % मा | अनुगमन गर्दा देखिएका तथ्य र सुझावहरु |
|---|---|---|---|---|---|---|
| १ | दालसिङखोला ट्रस पुल निर्माण | गंगादेव ४ रोल्पा | २०८०/०२/१७ | १२,२३,७२२.९९ | १०० | • लागत अनुमान बमोजिम गुणस्तरीय काम सम्पन्न भएको |
| २ | दोमैखोला ट्रस पुल निर्माण | गंगादेव १ रोल्पा | २०८०/०२/१८ | १५,६७,८८२.२९ | १०० | • लागत अनुमान बमोजिम गुणस्तरीय काम सम्पन्न भएको |
| ३ | लाँखुरी ट्रस पुल निर्माण | गंगादेव ७ रोल्पा | | ३३६०००। | १०० | |
| ४ | भाँगोछरे गोठीखोला २ वटा पक्की पुल निर्माण | गंगादेव १ रोल्पा | | २४००००। | १०० | |
| ५ | गोठीखोला पक्की पुल निर्माण | गंगादेव २ रोल्पा | | २०००००। | १०० | |
| ६ | बौलाचौर पक्की पुल निर्माण | गंगादेव २ रोल्पा | | २०००००। | १०० | |
| ७ | गैरीखर्क खोला पक्की पुल निर्माण | गंगादेव ३ रोल्पा | | १०००००। | १०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | मरोटघाट खोला पक्की पुल निर्माण | गंगादेव ३ रोल्पा | | १०००००। | १०० | |

नोटः चिन्हले वडा कार्यालयको जाँचपास समितिले अनुगमन गरी जाँचपास र सिफारिस गरेको ।

## २.१.५ फोहोरमैला व्यवस्थापन

| क्र सं | योजनाको नाम | योजनास्थल/ठेगाना | अनुगमन मिति | विनियोजित बजेट रु | भौतिक प्रगति % मा | अनुगमन गर्दा देखिएका तथ्य र सुझावहरु |
|---|---|---|---|---|---|---|
| | | | | | | |

वार्षिक अवधिमा कुनै पनि प्रकारका फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्य नभएकाले यहाँ उल्लेख गरिएको छैन।

## २.१.६ वातावरण तथा जलवायु परिवर्तन

| क्र सं | योजनाको नाम | योजनास्थल/ठेगाना | अनुगमन मिति | विनियोजित बजेट रु | भौतिक प्रगति % मा | अनुगमन गर्दा देखिएका तथ्य र सुझावहरु |
|---|---|---|---|---|---|---|

वार्षिक अवधिमा कुनै पनि प्रकारका वातावरण तथा जलवायु परिवर्तन सम्बन्धी कार्य नभएकाले यहाँ उल्लेख गरिएको छैन।

## २.१.७ आवास तथा भवन

| क्र सं | योजनाको नाम | योजनास्थल/ठेगाना | अनुगमन मिति | विनियोजित बजेट रु | भौतिक प्रगति % मा | अनुगमन गर्दा देखिएका तथ्य र सुझावहरु |
|---|---|---|---|---|---|---|
| १ | कृष्ण आ वि घरविर भवन मर्मत | गंगादेव २ रोल्पा | | ४००००० | १०० | |
| २ | वडा कार्यालय रङ्गरोगन | गंगादेव २ रोल्पा | | ६०००० | १०० | |
| ३ | दशरथ बिन्दु प्रा वि कक्षाकोठा तथा कार्यालय व्यवस्थापन | गंगादेव ४ रोल्पा | | १००००० | १०० | |
| ४ | जीवनज्योती मा वि अफिस व्यवस्थापन | गंगादेव ६ रोल्पा | | १५०००० | १०० | |
| ५ | सिर्जनशिल महिला आमा समुह भवन निर्माण | गंगादेव २ रोल्पा | | २००००० | १०० | |
| ६ | बालविकास केन्द्र भवन मर्मत गौरामाथि | गंगादेव ४ रोल्पा | | १७०००० | १०० | |
| ७ | हेलङखोला पवित्रा महिला आमा समुह भवन निर्माण | गंगादेव २ रोल्पा | | २००००० | १०० | |
| ८ | समाज सुधार प्रगतिशिल महिला आमा समुह भवन निर्माण | गंगादेव २ रोल्पा | | २००००० | १०० | |
| ९ | भोटेचौर मसानघाट प्रतिक्षालय निर्माण | गंगादेव ६ रोल्पा | | १५०००० | १०० | |
| १० | पाखापानी स्वास्थ्य चौकी भवन मर्मत | गंगादेव ४ रोल्पा | | १३०००० | १०० | |
| ११ | विरेन्द्र मा वि नाउली भवन मर्मत | गंगादेव ३ रोल्पा | २०८०/०२/३२ | १२०००० | १०० | • लागत अनुमान बमोजिम गुणस्तरीय काम सम्पन्न भएको |
| १२ | इन्द्रसेवक प्रा वि भवन मर्मत | गंगादेव ४ रोल्पा | २०७९/१२/१४ | १०००००० | १०० | • लागत अनुमान बमोजिम गुणस्तरीय काम सम्पन्न भएको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३ | नेपाल राष्ट्रिय प्रा वि भवन मर्मत | गंगादेव ७ रोल्पा | २०७९/११/१३ | ५०००००। | १०० | ● लागत अनुमान बमोजिम गुणस्तरीय काम सम्पन्न भएको<br>● लागत अनुमान भन्दा बढी काम भएको |
| १४ | पृथ्वी नारायण मा वि भवन निर्माण | गंगादेव ७ रोल्पा | २०८०/०३/१२ | २००००००। | १०० | ● लागत अनुमान बमोजिम गुणस्तरीय काम सम्पन्न भएको |
| १५ | सिद्धार्थ मा वि होस्टेल निर्माण | गंगादेव ३ रोल्पा | २०८०/०३/१४ | ८८०००००। | १०० | ● लागत अनुमान बमोजिम गुणस्तरीय काम सम्पन्न भएको |
| १६ | गंगा मा वि चौतारा ४ कोठे भवन निर्माण | गंगादेव २ रोल्पा | २०८०/०३/१० | ५००००००। | १०० | ● लागत अनुमान बमोजिम गुणस्तरीय काम सम्पन्न भएको |
| १७ | राष्ट्रिय मा वि मेलडारी २ कोठे भवन निर्माण | गंगादेव १ रोल्पा | २०८०/०३/१३ | २५०००००। | १०० | ● लागत अनुमान बमोजिम गुणस्तरीय काम सम्पन्न भएको |
| १८ | नेपाल राष्ट्रिय मा वि सिमखोला ४ कोठे भवन निर्माण | गंगादेव ५ रोल्पा | २०८०/०३/१४ | ५००००००। | १०० | ● लागत अनुमान बमोजिम गुणस्तरीय काम सम्पन्न भएको |
| १९ | जीवन ज्योती मा वि देउलटाकुरा ४ कोठे भवन निर्माण | गंगादेव ६ रोल्पा | २०८०/०३/१० | ५००००००। | १०० | ● लागत अनुमान बमोजिम गुणस्तरीय काम सम्पन्न भएको |
| २० | बुद्धि विकास मा वि ४ कोठे भवन निर्माण | गंगादेव ६ रोल्पा | २०८०/०३/०९ | ५००००००। | १०० | ● लागत अनुमान बमोजिम गुणस्तरीय काम सम्पन्न भएको |
| २१ | सिद्ध आ वि बसारेचौर ४ कोठे भवन निर्माण | गंगादेव ६ रोल्पा | २०८०/०३/१४ | ५००००००। | १०० | ● लागत अनुमान बमोजिम गुणस्तरीय काम सम्पन्न भएको |
| २२ | जनविकास प्रा वि २ कोठे भवन निर्माण | गंगादेव ६ रोल्पा | २०८०/०३/०८ | २५०००००। | १०० | ● लागत अनुमान बमोजिम गुणस्तरीय काम सम्पन्न भएको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २३ | अमर सत्य प्रा वि २ कोठे भवन निर्माण | गंगादेव ६ रोल्पा | २०८०/०३/११ | २५०००००। | १०० | • लागत अनुमान बमोजिम गुणस्तरीय काम सम्पन्न भएको |
| २४ | नेपाल राष्ट्रिय आ वि २ कोठे भवन निर्माण | गंगादेव ५ रोल्पा | २०८०/०३/१२ | २५०००००। | १०० | • लागत अनुमान बमोजिम गुणस्तरीय काम सम्पन्न भएको |
| २५ | सरस्वती मा वि म्वालेखोला ४ कोठे भवन निर्माण | गंगादेव ४ रोल्पा | २०८०/०३/१३ | ५००००००। | १०० | • लागत अनुमान बमोजिम गुणस्तरीय काम सम्पन्न भएको |
| २६ | लोकतन्त्र प्रा वि भवन मर्मत | गंगादेव ७ रोल्पा | २०८०/०३/१५ | १००००००। | १०० | • लागत अनुमान बमोजिम गुणस्तरीय काम सम्पन्न भएको |
| २७ | गणेश आ वि बडाढुङ्गा ४ कोठे भवन निर्माण | गंगादेव ३ रोल्पा | २०८०/०३/१० | ५००००००। | १०० | • लागत अनुमान बमोजिम गुणस्तरीय काम सम्पन्न भएको |
| २८ | स्वास्थ्य चौकी भवन निर्माण | गंगादेव ४ रोल्पा | २०८०।०३।२१ | १०००००००। | १०० | • लागत अनुमान बमोजिम गुणस्तरीय काम सम्पन्न भएको |

गाउँपालिकाबाट गाउँपालिकामा रहेका विभिन्न विद्यालयका २ कोठे र ४ कोठे भवन, महिला आमा समूहका भवन र स्वास्थ्य चौकी जस्ता संरचनाहरु निर्माण तथा मर्मत भएको देखिन्छ। भवन उपभोक्ता समिति र ठेक्का दुवै मार्फत निर्माण सम्पन्न भएका तर उक्त संरचनाहरु बालमैत्री, अपाङ्गमैत्री नभएको देखिएकाले आगामी दिनमा यसमा ध्यान दिनु पर्ने देखिन्छ। आ व २०७९।०८० मा अनुगमन भएका आवास तथा भवन अन्तर्गतका योजनाहरुको भौतिक प्रगति १०० प्रतिशत भएको देखिन्छ।

## २.१.८ उर्जा एवं विद्युतीकरण

| क्र सं | योजनाको नाम | योजनास्थल/ठेगाना | अनुगमन मिति | विनियोजित बजेट रु | भौतिक प्रगति % मा | अनुगमन गर्दा देखिएका तथ्य र सुझावहरु |
|---|---|---|---|---|---|---|
| | | | | | | |

वार्षिक अवधिमा कुनै पनि प्रकारका उर्जा एवं विद्युतीकरण सम्बन्धी आयोजनाहरु निर्माण कार्य नभएकाले यहाँ उल्लेख गरिएको छैन ।

## २.१.९ पर्यटन प्रवर्द्धन एवं सांस्कृतिक सम्पदा

| क्र सं | योजनाको नाम | योजनास्थल/ठेगाना | अनुगमन मिति | विनियोजित बजेट रु | भौतिक प्रगति % मा | अनुगमन गर्दा देखिएका तथ्य र सुझावहरु |
|---|---|---|---|---|---|---|
| १ | देउती मन्दिर निर्माण | गंगादेव १ रोल्पा | | ११५०००। | १०० | |
| २ | सुकिदह शिव गुफा तथा मठ मन्दिर पर्यटन पुर्वाधार निर्माण | गंगादेव २ रोल्पा | २०७९/१२/२९ | ८०००००। | १०० | • लागत स्टेमेट अनुसारको जस्ता पाता नभएको । <br>• प्रतिक्षालयको PCC सोलिङमा फिनिसिङ अझै राम्रो बनाउनुपर्ने । |
| ३ | शहिद सुनिल स्मृति पार्क निर्माण | गंगादेव ३ रोल्पा | २०८०/०३/१० | २००००००। | १०० | • लागत स्टेमेट अनुसारको गुणस्तरीय काम सम्पन्न भएको । |

नोटः चिन्हले वडा कार्यालयको जाँचपास समितिले अनुगमन गरी जाँचपास र सिफारिस गरेको ।

## २.१.१० कृषि तथा पशु विकास

| क्र सं | योजनाको नाम | योजनास्थल/ठेगाना | अनुगमन मिति | विनियोजित बजेट रु (पालिका५०%+समूह५०%) | भौतिक प्रगति % मा | अनुगमन गर्दा देखिएका तथ्य र सुझावहरु |
|---|---|---|---|---|---|---|
| १ | नवचेतनशिल कृषक समूह व्यावसायिक आलु पकेट विकास कार्यक्रम | गंगादेव ३ रोल्पा | २०८०/०३/०३ | १००००००। | ९१ | • स्टेमेटभन्दा पाइप कम खरिद भएको<br>• पोखरीको पलाष्टरमा फिनिसिङ राम्रो नभएको<br>• अन्य काम सम्पन्न भएको |
| २ | सुन्तलाजात फलफुल उत्पादन पकेट कार्यक्रम चाख्लेपातल कागती उत्पादन केन्द्र | गंगादेव ४ रोल्पा | २०७९/१२/२७ | ६०००००। | १०० | • लागत अनुमान बमोजिम काम सम्पन्न भएको |
| ३ | ठुलो खोला ओत आलु पकेट विकास कार्यक्रम | गंगादेव १ रोल्पा | २०७९/१२/२३ | १२०००००। | १०० | • लागत अनुमान बमोजिम काम सम्पन्न भएको |
| ४ | तिमिले गाउँ सुन्तला उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम | गंगादेव ७ रोल्पा | २०७९/१२/२५ | ६०००००। | ९२ | • लागत अनुमान भन्दा कम पाइप खरिद भएको |
| ५ | बाख्रा पकेट विकास कार्यक्रम | गंगादेव ४ रोल्पा | २०८०/०३/११ | ३००००००। | १०० | • लागत अनुमान बमोजिम गुणस्तरीय काम सम्पन्न भएको |
| ६ | व्यावसायिक किवि पकेट विकास कार्यक्रम | गंगादेव ७ रोल्पा | २०७९/१२/२४ | १००००००। | १०० | • लागत अनुमान बमोजिम गुणस्तरीय काम सम्पन्न भएको<br>• ९८ प्रतिशत किवीका बिरुवाहरु उम्रेका र २ प्रतिशत मरेको |
| ७ | व्यावसायिक बेसार पकेट विकास कार्यक्रम | गंगादेव ६ रोल्पा | २०७९।१२।३० | ८०००००। | १०० | • लागत अनुमान बमोजिम गुणस्तरीय काम सम्पन्न भएको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | व्यावसायिक लसुन पकेट विकास कार्यक्रम | गंगादेव ४ रोल्पा | २०७९।१२।२७ | ६०००००। | १०० | • लागत अनुमान बमोजिम गुणस्तरीय काम सम्पन्न भएको |
| ९ | हरियाली नयाँ आलु पकेट विकास कार्यक्रम | गंगादेव ५ रोल्पा | २०७९।१२।२२ | ६०००००। | १०० | • लागत अनुमान बमोजिम गुणस्तरीय काम सम्पन्न भएको |
| १० | व्यवसायिक किवि पकेट विकास कार्यक्रम | गंगादेव २ रोल्पा | २०८०।०३।१९ | १००००००। | ८५ | • लागत अनुमान बमोजिम काम भएता पनि किवीका बिरुवाहरु धेरै जसो नउम्रेको |
| ११ | | | | | | |

कृषि तथा पशुविकास अन्तर्गतका कार्यक्रमहरु सम्बन्धित शाखाको कर्मचारीसँगको निगरानीमा हुने गरेको र प्राविधिक सल्लाह बमोजिम काम संचालन भएकाले गुणस्तरीय काम भएको देखिन्छ र सम्पन्न योजनाहरुको भौतिक प्रगति ८५ देखि १०० प्रतिशत रहेको छ ।

## २.१.११ शौचालय/घेरबार/फिल्ड निर्माण तथा मर्मत

| क्र सं | योजनाको नाम | योजनास्थल/ठेगाना | अनुगमन मिति | विनियोजित बजेट रु | भौतिक प्रगति % मा | अनुगमन गर्दा देखिएका तथ्य र सुझावहरु |
|---|---|---|---|---|---|---|
| १ | राष्ट्रिय मा वि मेलडारी विद्यालय घेरबार | गंगादेव १ रोल्पा | २०८०/०१/२६ | ८०००००। | १०० | • लागत अनुमान बमोजिम गुणस्तरीय काम सम्पन्न भएको |
| २ | गंगा मा वि रेटेनिङ वाल निर्माण | गंगादेव २ रोल्पा | २०७९/११/२५ | ५०००००। | १०० | • लागत अनुमान बमोजिम गुणस्तरीय काम सम्पन्न भएको |
| ३ | गंगा मा वि फिल्ड निर्माण | गंगादेव २ रोल्पा | २०८०/०२/११ | ७०००००। | १०० | • लागत अनुमान बमोजिम गुणस्तरीय काम सम्पन्न भएको |
| ४ | सिद्धार्थ मा वि फिल्ड निर्माण | गंगादेव ३ रोल्पा | २०७९/१२/११ | १२०००००। | १०० | • लागत अनुमान बमोजिम गुणस्तरीय काम सम्पन्न भएको |
| ५ | भगवती आ वि विद्यालय घेरबार | गंगादेव ३ रोल्पा | २०८०/०१/०२ | ८०००००। | १०० | • लागत अनुमान बमोजिम गुणस्तरीय काम सम्पन्न भएको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | बुद्धि विकास मा वि थप प्राविधिक विद्यालय घेरबार | गंगादेव ६ रोल्पा | २०७९/१२/२६ | २००००००। | ९९ | • मेसिनरी वालको काम सम्पन्न भएको र लागत अनुमान बमोजिम भूगोल अनुसार उचाईमा तल माथि भएको |
| ७ | सरस्वती मा वि बल्लेपोखरी विद्यालय घेरबार | गंगादेव ६ रोल्पा | २०८०/०२/२१ | ११०००००। | १०० | • लागत अनुमान बमोजिम गुणस्तरीय काम सम्पन्न भएको |
| ८ | जीवन ज्योती मा वि फिल्ड निर्माण | गंगादेव ६ रोल्पा | २०८०/०२/१६ | २५०००००। | ९९.५ | • फिल्डको चौडाई कम भएको |
| ९ | सरस्वती मा वि म्वालेखोला फिल्ड निर्माण | गंगादेव ४ रोल्पा | २०८०/०३/०२ | २००००००। | ६० | • लागत अनुमान बमोजिम चट्टान कम भएको र भुगोलको कमीले फिल्ड निर्माण कार्य लागत अनुमान बमोजिम नभएको |
| १० | लोकतन्त्र प्रा वि फिल्ड निर्माण तथा बाटो मर्मत | गंगादेव ७ रोल्पा | २०८०/०२/३१ | १००००००। | ८४ | • लागत अनुमान बमोजिम फिल्डको लम्बाई चौडाई र उचाई कम भएको र बाटो मर्मत नभएको |
| ११ | नाउली स्कुल गेट अगाडी मेसिनरी वाल निर्माण | गंगादेव ३ रोल्पा | २०८०।०३।१६ | ९९५०००। | | • लागत अनुमान बमोजिम काम सम्पन्न भएको |
| ११ | ज्ञानकुञ्ज प्रा वि विद्यालय घेरबार | गंगादेव १ रोल्पा | | १५००००। | ९६ | |
| १२ | सिद्धार्थ आ वि ओइलाम विद्यालय घेरबार | गंगादेव २ रोल्पा | | ३५००००। | ९९ | |
| १३ | चाख्लेपातल प्रतिक्षालयमा शौचालय निर्माण | गंगादेव ३ रोल्पा | | १०००००। | ९३ | |
| १४ | इन्द्र सेवक प्रा वि विद्यालय घेरबार | गंगादेव ४ रोल्पा | | ३००००००। | ९९ | |
| १५ | जनता आ वि वाल तथा फिल्ड निर्माण | गंगादेव १ रोल्पा | | ९५०००। | १०० | |
| १६ | सिद्धेश्वरी प्रा वि फिल्ड निर्माण | गंगादेव ७ रोल्पा | | ३५००००। | ९० | |
| १७ | नेपाल राष्ट्रिय प्रा वि घेरबार | गंगादेव ७ रोल्पा | | ४०००००। | ८० | |
| १८ | जनता आ वि बिवाङचौर विद्यालय घेरबार | गंगादेव १ रोल्पा | | ३५००००। | १०० | |
| १९ | शिद्ध प्रा वि रमाई विद्यालय घेरबार | गंगादेव २ रोल्पा | | ३५००००। | ८० | |

नोटः ▬ चिन्हले वडा कार्यालयको जाँचपास समितिले अनुगमन गरी जाँचपास र सिफारिस गरेको ।

## २.१.१२ सूचना प्रविधि (ICT) व्यवस्थापन

| क्र सं | योजनाको नाम | योजनास्थल/ठेगाना | अनुगमन मिति | विनियोजित बजेट रु | भौतिक प्रगति % मा | अनुगमन गर्दा देखिएका तथ्य र सुझावहरु |
|---|---|---|---|---|---|---|
| १ | भगवती आ वि कुकुरगारे ICT व्यवस्थापन तथा खरिद | गंगादेव ३ रोल्पा | २०८०/०२/२६ | ६५००००। | १०० | • लागत अनुमानमा रहेको स्पेसीफिकेशन अनुसारको ICT सम्बन्धी सामग्रीहरु खरिद भएको |
| २ | सिद्धार्थ आ वि ओइलाम ICT व्यवस्थापन तथा खरिद | गंगादेव २ रोल्पा | २०८०/०२/२९ | ६५००००। | १०० | • लागत अनुमानमा रहेको स्पेसीफिकेशन अनुसारको ICT सम्बन्धी सामग्रीहरु खरिद भएको |
| ३ | लोकतन्त्र प्रा वि ICT व्यवस्थापन तथा खरिद | गंगादेव ७ रोल्पा | २०८०/०२/२८ | ६५००००। | १०० | • लागत अनुमानमा रहेको स्पेसीफिकेशन अनुसारको ICT सम्बन्धी सामग्रीहरु खरिद भएको |
| ४ | जनता विकास आ वि सुपाटोट्के ICT व्यवस्थापन तथा खरिद | गंगादेव ४ रोल्पा | २०८०/०२/३० | १००००००। | १०० | • लागत अनुमानमा रहेको स्पेसीफिकेशन अनुसारको ICT सम्बन्धी सामग्रीहरु खरिद भएको |
| ५ | बालबोध आ वि झाँक्रीसल्ला ICT व्यवस्थापन तथा खरिद | गंगादेव ५ रोल्पा | २०८०/०२/२७ | ६५००००। | १०० | • लागत अनुमानमा रहेको स्पेसीफिकेशन अनुसारको ICT सम्बन्धी सामग्रीहरु खरिद भएको |
| ६ | राष्ट्रिय मा वि ओत ICT व्यवस्थापन तथा खरिद | गंगादेव १ रोल्पा | २०८०/०३/०४ | २६००००। | १०० | • लागत अनुमानमा रहेको स्पेसीफिकेशन अनुसारको ICT सम्बन्धी सामग्रीहरु खरिद भएको |

यस गाउँपालिकामा रहेका विभिन्न ६ वटा विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिको विकास गर्ने हेतुले ICT व्यवस्थापन तथा खरिदको लागि बजेट विनियोजन भएकोमा उक्त काम विद्यालयमा विद्यालय व्यवस्थापन समितिमा रहेका पदाधिकारीहरुबाट खरिद समिति गठन गरी सम्झौता बमोजिम ICT सम्बन्धी सामग्रीहरु खरिद भएको देखिन्छ भने उक्त सम्पन्न भएको कार्यको भौतिक प्रगति १०० प्रतिशत भएको देखिन्छ ।

## भाग ३ : प्रमुख उपलब्धीहरु

- उपभोक्ता समितिले  प्राविधिकको प्रत्यक्ष निगरानीमा निर्माण कार्य गर्ने भएकाले उक्त काम गुणस्तरयुक्त हुने गरेको।
- आवधिक रुपमा योजनाको अनुगमन र सुपरीवेक्षण हुने हुँदा प्रस्तावित योजनाहरुलाई मनोमानी रुपमा कार्यान्वयन गर्नमा कमी आएको।
- अनुगमन तथा सुपरीवेक्षण समितिको सिफारिस अनुरुप योजनाको भुक्तानी गर्ने प्रावधानले गर्दा गुणस्तरीय काम हुने गरेको।
- दबाबको भरमा भुक्तानी गर्ने परिपाटीको अन्त्य भएको।

## भाग ४ : प्रमुख समस्याहरु

* टुक्रे योजनाहरुको संख्या धैरै भएकाले अनुगमन गर्न कठिनाई हुने गरेको।
* एउटै योजनाको नाममा धैरै ठाउँमा काम हुने भएकाले अनुगमनलाई चूस्त दुरुस्त गर्न नसकिएको।
* अनुगमन कार्य वडास्तरका जनप्रतिनिधीको कम संलग्नता हुने गरेको र उपभोक्ता समितिको अध्यक्षलाई मात्र उक्त काममा जिम्मेवार बनाउने गरेको।
* अनगमन तथा सुपरिवेक्षण समितिको बैठ्क निर्धारित समयमा नुहुनु, बैठ्क भए पनि औपचारिकतामा सिमित रहनु।
* निर्धारित समय र तोकिएको ढाँचामा अनुगमन प्रतिवेदन प्रस्तुत गर्ने नगरेको।
* अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणको कार्यान्वयन नहुने।
* अनुगमन तथा मूल्यांकन कार्यमा संलग्न कर्मचारीहरुमा उत्प्रेरणाको अभाव हुने गरेको।
* अनुगमन तथा मूल्याङ्कन प्रणालीका लागि सवारी साधनको अभाव रहनु।
* निष्पक्ष तथा वस्तुगत कार्य सम्पादन अनुगमन र मूल्यांकन गरी पुरस्कार, सुधार तथा  दण्डको नीति अबलम्वन नगर्नु।
* काम समयमै समाप्त गरेका योजनाहरु भुक्तानीको लागि आर्थिक वर्षको अन्त्यमा फाइल पेश गर्ने परिपाटीले अनुगमनमा समस्या देखिएको।
* आधुनिक र वैज्ञानीक प्रविधिको प्रयोग अपेक्षित रुपमा हुन नसक्नु।

## भाग ५ : सिकाईहरु

- निश्चित समय तालिका अनुसार अनुगमन गर्दा दैनिक सेवा प्रवाहमा समस्या हुने नगरेको।
- उपभोक्ता समिति र निर्माण व्यवसायीहरुलाई पूर्व सूचना गरेर अनुगमन गर्दा सम्पूर्ण सदस्यहरुसँग छलफल र पृष्ठपोषण गर्न सहज हुने गरेको।
- अनुगमन कार्यमा समग्र समितिका सदस्यहरुको अनिवार्य उपस्थितीले भुक्तानी सिफारिसमा सहज हुने गरेको।

## भाग ६ : निष्कर्ष र सुझावहरु

### ६.१ निष्कर्ष

नेपालमा राजनीतिक रुपान्तरणको कार्य सम्पन्न भए पश्चात् तीनै तहका सरकारहरुले व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको अभ्यास गरिरहेको छ। तसर्थ सङ्घीयताको अभ्यास गर्ने क्रममा गाउँपालिकाको अवको ध्यान आर्थिक समाजिक रुपान्तरणतर्फ केन्द्रित हुनुपर्ने वास्तविकतालाई हृदयंगम गर्दै शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधारमा गंगादेव गाउँपालिकाले दिगो एवं समृद्ध विकास गरेर त्यस दिशातर्फ गाउँपालिका अघि बढ्न खोजिरहेको छ। विद्यमान शासन प्रणालीमा भएको रुपान्तरणसँगसँगै जनताका माग र अपेक्षा बढ्दै गएको सन्दर्भमा जनताले परिवर्तनक प्रत्यक्ष अनुभूती गर्ने गरी गाउँपालिकाको समग्र विकास प्रक्रियालाई अगाडि बढाउनु अति जरुरी देखिएको छ। अन्यथा नयाँ व्यवस्थाप्रति पनि जनताकव विश्वास र भरोसा विस्तारै घट्दै र हट्दै जानसक्छ। यसको परिणाम स्वरुप

कठिन संघर्ष र बलिदानीबाट प्राप्त नयाँ व्यवस्था पनि असफल हुन गई सिंगो देश नै असफल राष्ट्र बन्ने दिशातर्फ अघि बढ्न सक्छ । तसर्थ उपरोक्त सुझावहरुलाई ग्रहण गर्दै गंगादेव गाउँपालकाको योजनाको कार्यान्वयन र अनुगमन एवं मूल्यांकन प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ ।

## ६.२ सुझावहरु

- स्तरीय तथा सहभागित्मक अनुगमनमा जोड दिने ।
- अनुगमन पश्चात पृष्ठपोषण, पुरस्कार र दण्डको व्यवस्था गर्ने ।
- आउँदा क्रियाकलाप र नतिजामूलक अनुगमनलाई फरक फरक स्तरमा राखी प्रतिफलमा नभई प्रभावकारी अनुगमनमा जोड दिने ।
- नतिजामूलक तथा प्रभावकारी अनुगमन, मूल्याङ्कन प्रणालीको विकास र अभ्यास गर्ने ।
- एकीकृत सूचना प्रणालीको विकास तथा अनुगमन मूल्यांकनको कार्यशैली प्रक्रिया र संरचनामा परिवर्तन गरी स्वचालित संयन्त्रको निर्माण गर्ने ।
- अनुगमन तथा मूल्यांकन कार्यमा संलग्न जनशक्तिको सीप र दक्षता अभिवृद्धि गर्ने ।
- आयोजना कार्यक्रमहरुसँग सम्बन्धित निकाय र जनशक्तिको कार्य सम्पादन मूल्यांकनलाई आयोजनाको प्रगतिसँग आवद्ध गर्ने ।
- अनुगमन तथा मूल्यांकनबाट प्राप्त नतिजालाई योजना कार्यक्रम तथा आयोजना तर्जुमा कार्यान्वयनमा पृष्ठपोषणको रुपमा प्रयोग गर्ने पद्धतिको विकास गर्ने ।
- स्वतन्त्र तथा तेस्रो पक्षबाट पनि अनुगमन तथा मूल्यांकन कार्यका लागि आवश्यकता अनुसार परिचालन गर्नुपर्ने ।
- सार्वजनिक सरोकारका आयोजनाहरुको अनुगमन तथा मूल्यांकनमा लाभग्राही सरोकारवाहरुलाई समेत संलग्न गराउनुपर्ने ।
- सूचना प्रविधिको अधिकतम प्रयोग गर्नुपर्ने वेवमा आधारित तथा स्वचालित अनुगमन प्रणालीको विकास र विस्तार गर्ने ।
- आगामी दिनहरुमा योजनाको अनुगमन गर्दा Solstice एपको प्रयोग गरेमा प्रभावकारी अनुगमन हुन जाने र तत्काल प्रतिवेदन पनि स्वतः निर्माण हुने हुँदा यो मोबाइल एपको प्रयोग गर्दा उपयुक्त हुने ।
- अनुगमन मूल्याङ्कनको लागि निश्चित बजेट विनियोजन गर्नुपर्ने कानूनी व्यवस्था गर्नुपर्ने ।
- हरेक विषयगत शाखाको वार्षिक कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्ने व्यवस्थालाई अनिवार्य गर्नुपर्ने ।

**अनुसूचीः १ अनुगमन गरिएका योजनाहरुका केहि तस्विरहरु**

| | | |
|---|---|---|
| <br>वडा नं ४ इन्द्र सेवक प्रा वि भवन मर्मत | <br>वडा नं ३ नाउली स्कुल अगाडी मेसिनरी वाल निर्माण | <br>वडा नं २ गंगा मा वि चौतारा ४ कोठे भवन निर्माण |
| <br>गणेश आ वि बडाढुङ्गा ४ कोठे भवन निर्माण वडा नं ३ | <br>चाख्लेपातल नाउली हुँदै ओत सम्म मो बा मर्मत वडा नं ३ र १ जोड्ने सडक | <br>जनता विकास आ वि सुपाटोट्के ICT व्यस्थापन वडा नं ४ |
| <br>जनविकास प्रा वि नेटापरी २ कोठे भवन निर्माण तला थप वडा नं ६ | <br>जीवन ज्योती मा वि अफिस व्यस्थापन वडा नं ६ | <br>जीवन ज्योती मा वि ४ कोठे भवन निर्माण वडा नं ६ |
| <br>जीवन ज्योती मा वि फिल्ड निर्माण वडा नं ६ | <br>ठुलाखोला ओत आलु पकेट विकास कार्यक्रम वडा नं १ | <br>डलसिङ्ग खोला ट्रस पुल निर्माण वडा नं ४ |



तल्लो दोका जलेखर्क हुँदै जहेंले जोड्ने मो बा निर्माण वडा नं ३



बुद्धि विकास मा वि विद्यालय घेरबार वडा नं ६



भगवती आ वि विद्यालय घेरबार वडा नं ३



व्यवसायिक लसुन पकेट विकास कार्यक्रम वडा नं ४



व्यवसायिक बेसार पकेट विकास कार्यक्रम वडा नं ६



विरेन्द्र मा वि नाउली भवन मर्मत वडा नं ३



सरस्वती मा वि बल्लेपोखरी विद्यालय घेरबार कार्यक्रम ६ नं



श्री सिद्ध सुकिदह पर्यटन पूर्वाधार निर्माण वडा नं २ रमाई



सरस्वती मा वि म्वालेखोला ४ कोठे भवन निर्माण वडा नं ४



सिद्ध आ वि बसारेचौर ४ कोठे भवन निर्माण वडा नं ४



सिद्धार्थ आ वि ओइलाम ICT व्यवस्थापन



बाख्रा पकेट विकास कार्यक्रम वडा नं ४



हिले बस्नेत टोल बाखलडाँडा मो बा निर्माण वडा नं ७



हरियाली नयाँ आलु पकेट विकास कार्यक्रम वडा नं ५




शहिद सुनिल स्मृति पार्क निर्माण वडा नं ३



सिद्धार्थ मा वि फिल्ड निर्माण वडा नं ३



सिद्धार्थ मा वि विद्यालय होस्टेल निर्माण वडा नं ३



पृथ्वीनारायण मा वि जायाचौर भवन निर्माण तला थप ७ नं




राष्ट्रिय मा वि ओत विद्यालय घेरबार वडा नं १



राष्ट्रिय मा वि ओत २ कोठे भवन निर्माण वडा नं १



असर सत्य प्रा वि २ कोठे भवन निर्माण तला थप वडा नं ६



व्यावसायिक किवी पकेट विकास कार्यक्रम वडा नं ७



गंगा मा वि चौतारा रेटेनिङ वाल निर्माण वडा नं २



लोकतन्त्र प्रा वि भवन मर्मत वडा नं ७

**अनुसूचीः २ अनुगमन तथा सुपरिवेक्षण समितिका पदाधिकारीहरु**

| क्र.सं. | नाम थर | लिङ्ग | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | अमृता कुमारी के सी वली | महिला | संयोजक | |
| २ | शालिकराम बस्नेत | पुरुष | सदस्य | |
| ३ | सातै वडाका वडा अध्यक्षहरु | | सदस्य | |
| ४ | ओमकार वली | पुरुष | सदस्य | |
| ५ | कुल बहादुर योगी | पुरुष | सदस्य सचिव | |

धन्यवाद !

**प्रतिवेदन तयार गर्ने**
कुल बहादुर योगी
सदस्य सचिव
अनुगमन तथा सुपरिवेक्षण समिति